# बहुसंस्कृतिक कार्य परियोजना

प्रस्तुत गर्दछ

# अन्तरसांस्कृतिक मनोरंजन

बहुसंस्कृतिवादी कार्य परियोजना, हंगकंगका विभिन्न जनजाती समूह बीच अन्तर सांस्कृतिक जानकारी तथा कदर बढाउन र  ज्ञान आदान प्रदान गराउन, समुदायीक परियोजना हो। निशुल्क जानकारीका लागि हाम्रो वेबसाइट मा हेर्नहोस् ।

## हंगकंगका दक्षिण एशियालीहरु

दक्षिण एशिया भनेको एशियाको दक्षिणी भुभाग हो जसमा विभिन्न देशहरु जस्तै अफगानिस्तान, बंगलादेश, भूटान, भारत, मालदिब, नेपाल, पाकिस्तान तथा श्रीलंका पर्दछ ।

| जातिय | अकं | % |
|---|---|---|
| भारतीय | २८,६१६ | ०.४५ |
| नेपाली | १६,५१८ | ०.२५ |
| पकिस्तानी | १८,०४२ | ०.३५ |
| अरु एशियालीहरु (बंगलादेशी र श्रीलंकनहरु समेत) | ७,०३८ | ०.०९५ |
| स्रोत : २०११ जनगणना | | |

२०११ जनगणना अनुसार हंगकंगमा  करीब १% जनसंख्या दक्षिण एशियाली सामुदाय का देखिन्छ ।

## इतिहास

सर्वप्रथम दक्षिण एशियालीहरु१९ सौ शताब्दीबाट हंगकंगमा बसोबास गर्न थालेका हुन् । उनीहरु भारतीय प्रहरी, सैनिकहरुका साथै भारतीय चिया, कपडा, गरगहनाका व्यपारीहरु पनि थिए । १९५१ मा पाकिस्तानको तथा १९७१ मा बंगलादेशको स्वतन्त्रता पश्चात हंगकंगमा पाकिस्तानी र बंगलादेशीहरुको पनि बसोबास शुरु भयो ।



Copyright © Multiculturalism in Action Project 2016

हंगकंगमा नेपालीहरुको इतिहास १९४८ सालमा बेलायती सेना अन्तर्गत गोर्खा रेजिमेन्टको स्थापना पश्चात शुरु भएको देखिन्छ । उनीहरुको चार मुख्य काम सिमाना नियन्त्रण, आन्तरिक सुरक्षा, बिस्फोटन निराकरण अध्यादेश रसामुन्द्रिक सहयोग थिए । “ट्रेल वकर” र “हाइक फर हसपिस” जस्ता परोपकारी गतिविधिहरु गोर्खालीद्धारा शुरु गरिएका हुन् ।




दक्षिण एशियाली र चीनीयाहरु एकै साथ सामुदायीक स्वास्थ्य कार्यमा



भूतपूर्व गोंखा सम्झनामा दिनमा

आजकल हंगकंगका दक्षिण एशियाली महिला र पुरुषहरु विभिन्न पेशाहरु रोजगार छन्, जस्तै लेखापल, खेलाडी, उधमी, गृहणी, शिक्षक, निर्माण कामदार, वकिल, बैकँकर्मीमा कार्यरित छन् । उनीहरुका जातिय व्यंजन, स्वास्थ्य अभ्यास (जस्तै योगा) र धार्मिक उत्सवहरु हंगकंगको दैनिक जिवनको महत्वपूर्ण हिस्सा तथा परम्परा भएको छ जसले गर्दा हंगकंग एक बहुसंस्कृतिक र महानगरीय शहरको रुपमा चिनिन्छ ।

## एकिकरण

दक्षिण एशियालीहरुले हंगकंगलाई आफनो घर बनाएर यहाको दैनिक शैलीलाई अपनाएका छन् । दक्षिण एशियाली किराना पसल तथा भोजनालयहरु धैरै जसो चिमसा चुइ, जोर्डन, याउ मा तेई र यूनलगँमा पाइन्छन् । सबै जातिका ग्राहकहरुलाइ उपलब्ध गराउन , धैरै जसो भोजनालयहरुको चिनिया नाम र चिनिया भाषामा मेन्यू पनि छन् ।

हंगकंगमा धैरै किसिमका दक्षिण एशियाली चाडपर्व र रितिरिवाजहरु मनाउने गरिन्छ । उदाहरणका लागि भारतीय बगांलीहरु हरेक वर्ष याउ मा तेईमा दुर्गा पूजा (देवी माताको उत्सव) मनाउने गर्दछन् , त्यस्तै नेपालका गुरुङ्गँजातीहरु हरेक वर्ष काम सान पार्कमा ल्होसार (तिब्बती नयां वर्ष) मनाउने गर्दछन् ।


Copyright © Multiculturalism in Action Project 2016 



पश्चिम बगांली महोत्सव
दुर्गा पूजा मनाइदै

ल्होसार (गुरुङ्ग ँ नयां वर्ष)
काम सान पार्कमा
मनाइदै



दक्षिण एशियाली परोपकारीहरुले हंगकंगको शिक्षा, सार्वजनिक स्वास्थ्य, पारावहन विकासको लागि योगदान दिएका छन् । हंगकंग विश्वविधालय, बेलिलियोज स्कूल, रत्तोनजी अस्पताल र स्टार फेरी स्थापना यस योगदानहरु अन्तर्गत पर्दछन् ।

## चुनौतीहरु

साधारण भनाइमा भन्दा हंगकंगका दक्षिण एशियालीहरुको सबैभन्दा ठूलो चुनौती चिनिया भाषा सिक्न हो । धेरै जसोले घरमा आ-आफ्नो स्थानिय भाषा बोल्ने हुनाले चिनिया भाषा प्रयोग गर्ने अवसर धेरै कम हुन्छ । कोही कोही धाराप्रवाह चिनिया भाषा बोले पनि, चिनिया भाषालेख्न र पढ्न नआउनाले रोजगार र उच्च शिक्षाको लागी समस्या हुन्छ । सामाजिक सेवामा सांस्कृतिक सवेंदनशीलताको कमीले गर्दा दक्षिण एशियालीहरुलाई आफू माथी भेदभाव भएको महसूस हुन्छ ।

उदाहरणका लागि हंगकंगको स्वास्थ्य सेवा प्रणालीमा अल्पसंख्यक जातीहरुको धार्मिक र सांस्कृतिक आवश्यकता माथी विचारशील हुन जरुरत छ । ताजा हलाल मासुका पसलहरु कम मात्रामा हुनाले र धेरै जसो भोजनालयहरुमा हलाल खाना नपाउनाले मुसलमानी सामुदायमा अझ बढि कठिनाईहरु छन् ।



Copyright © Multiculturalism in Action Project 2016 Language: Nepalese

## कबड्डीको रमाइलो

कबड्डी दक्षिण एशिया भरी खेलिने लोकप्रिय परम्परागत गाउँले खेल हो । अहिले यो खेल दक्षिण एशियाली खेलमा आधिकारिक भएको छ । कबड्डीको अर्थ "बाच्न शुरु गर्नु" हो । यो फुर्ती, आपसी सहयोग र रणनितिको खेल हो ।

यो खेले ७ सदस्य भएको दुई टोम बीच खेलिन्छ । एउटा खेलाडी जसलाई " रेडर" भनिन्छ, केन्द्र रेखा पार गरि विपक्षी समुहको खेलाडीहरुलाई जसलाई "स्टपर" भनिन्छ, छुने कोशिश गर्छ । जब रेडरले रेखा पार गर्छ, उसले सास रोकेर निरन्तर "कबड्डी कबड्डी" भन्छन् । सास सक्नु अघि रेडर आफ्नो समुह तर्फ फर्कि सक्नु पर्छ ।

विपक्षी टीमका स्टपरहरुले आफु तर्फ आएको रेडरलाई पक्रेर वापस जानबाट रोक्न सफल भएमा उनीहरुको टीमलाई एक अंक प्राप्त हुन्छ । यदि रेडरले कुनै स्टपरलाई छोएर वापस आफ्नो टीममा फर्कन सफल भएमा उनले जति जनालाई छोएको छ त्यही अनुसार अंक प्राप्त हुन्छ । छोइएका स्टपर खेलबाट बाहिरिन पर्छ । खेल एकदम चाडो अघि बढ्दछ र दर्शकहरुमा पनि ज्यादै उत्तेजना आउदछ ।



कबड्डी खेल्दै

कबड्डीमा आफ्नो सीप देखाउ !

हामीलाई साथ दिन आउनुहोस् !

सक्दो प्रयास गरौ

**FUN with Interculturalism** is funded by the Equal Opportunities Commission, and supported by Department of Anthropology, Arts Faculty, Institute of Future Cities, and Office of Research and Knowledge Transfer Fund, The Chinese University of Hong Kong.



**Copyright © Multiculturalism in Action Project 2016**

**Language: Nepalese**